नेपाल सरकार
परराष्ट्र मन्त्रालय
नारायणहिटी

## मसलन्द तथा छपाई आदिका सामानहरु आपूर्ति गर्ने बारेको बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०६७।४।२०)

यस मन्त्रालयलाई आर्थिक बर्ष २०६७।६८ का लागि आवश्यक पर्ने मसलन्द तथा छपाई आदिका सामानहरु खरिद गर्नको निमित्त स्वीकृत इजाजत प्राप्त (स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आयकर तथा मूल्य अभिवृद्धि कर कार्यालयमा नवीकरण भएको) फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रु. ५।०० को टिकट टाँसी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम ने.रु. १०००।०० (फिर्ता नहुने गरी) भुक्तानी गरी सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनसम्मको कार्यालय समयभित्र यस मन्त्रालयको सुपरिटेन्डेन्ट शाखाबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रसाथ आफूले कबोल गरेको कूल अंकको २.५ (साढे दुई) प्रतिशत बराबरले हुने रकमको चार महिनाको म्याद भएको बैंक ग्यारेन्टी (बिडबन्ड) वा नगद यस मन्त्रालयको नेपाल राष्ट्र बैंक थापाथलीस्थित धरौटी खाता नं. १३१४००/०६७ मा रकम जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछि कबोल अंकको २.५ (साढे दुई) प्रतिशत धरौटी रकम उपर्युक्त खातामा जम्मा गरेको बैंक भौचर वा ५ (पाँच) प्रतिशतको परफरमेन्स बण्ड (एक वर्ष म्याद भएको) पेश गर्नु पर्नेछ ।
३. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म बोलपत्र यस मन्त्रालयको सुपरिन्टेण्डेण्ट शाखामा दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजले पठाएको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र बुझाउने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सो कार्य गरिनेछ ।
४. म्याद नाघेको र रीत नपुगेको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
५. बोलपत्र पूरै वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहनेछ ।
६. बोलपत्र सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस मन्त्रालयको सुपरिटेन्डेन्ट शाखा (टेलिफोन नं.: ४४२८०२३) मा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं